# मेगा बैंक नेपाल लिमिटेडको

## घर/जग्गा खरिद गर्ने बारे शिलबन्दी बोलपत्र आव्हान

यस बैंकलाई आफ्नो केन्द्रीय कार्यालयको लागि जग्गा खरिद गरी कार्यालय भवन निर्माण गर्न वा उपयुक्त भवन सहितको जग्गा खरिद गर्नको लागि काठमाडौं उपत्यकाको चक्रपथ क्षेत्र भित्रको मूल सडकसँग जोडिएको प्रमुख व्यापारिक केन्द्रहरूमा कम्तिमा २ १/२ (साढे दुई) देखि बढीमा ७ (सात) रोपनी क्षेत्रफलसम्मको जग्गा वा सोमा निर्मित भवन सहित खरिद गर्नु पर्ने भएकोले बिक्री गर्न ईच्छुक जग्गाधनी (व्यक्ति, कम्पनी, फर्म वा संघ संस्था) ले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् २०७७ चैत्र १८ गते साँझ ५:३० बजे (कार्यालय समय) भित्र काठमाडौंको कमलादी स्थित राईजिङ्ग मलमा रहेको यस बैंकको कर्पोरेट कार्यालय, प्रशासन विभागमा देहायका शर्तहरूको अधिनमा रही शिलबन्दी आवेदनपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरू :**

- बिक्री गर्ने जग्गा वा भवन सहितको जग्गा काठमाडौं उपत्यकाको चक्रपथ क्षेत्र भित्रको मूल सडकसँग जोडिएको प्रमुख व्यापारिक केन्द्रहरूमा रहेको हुनु पर्नेछ । यद्यपी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका भित्रको मूल सडकसंग जोडिएको पुतलीसडक, जमल देखि महाराजगञ्ज चक्रपथ खण्ड, दरबारमार्ग, कमलादी, नक्साल, कमलपोखरी, ज्ञानेश्वर, विशालनगर, बत्तिसपुतली, अरनिको राजमार्गको माइतिघर देखि नयाँ बानेश्वर खण्ड, बागबजार, त्रिपूरेश्वर र थापाथली क्षेत्रभित्र रहेको जग्गा वा भवन सहितको जग्गालाई प्राथमिकता दिइने छ ।
- प्रस्तावित जग्गा/भवन के कति मूल्यमा बिक्री गर्न ईच्छुक भएको हो सो को मुल्य सहितको लिखित प्रस्ताव पेश गर्नुपर्नेछ ।
- प्रस्तावित जग्गा/भवनमा कुनै पनि किसिमको मुद्दा, मामिला, झै-झगडा, कानूनी किचलो वा विवाद नभएको हुनुपर्नेछ र सोही बमोजिम प्रतिवद्धता/सुनिश्चितता दिनुपर्नेछ ।
- प्रस्तावित जग्गा/भवन सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ । यदि सडक विस्तार योजनामा परेको खण्डमा सडक विस्तारको क्षेत्रफल बराबरको भाग कट्टा गरी बाँकी रहने क्षेत्रफलको प्रतिवद्धता/सुनिश्चिताको पत्र सम्बन्धित कार्यालयबाट लिएको हुनुपर्नेछ ।
- प्रस्तावित जग्गामा कुनै पनि प्रकारले भवन निर्माण गर्न अयोग्य नभएको हुनुपर्नेछ ।
- भवन भएको अवस्थामा निर्माण सम्पन्न इजाजतपत्र प्राप्त भएको हुनुपर्नेछ ।

**आवश्यक कागजातहरू :**

- जग्गाधनी व्यक्ति भएको खण्डमा आवेदनको साथ नागरिकताको प्रतिलिपि र कम्पनी, फर्म वा संस्था भएको खण्डमा अद्यावधिक सहित कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, घर/जग्गा बिक्रि गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र कम्पनी, फर्म वा संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि समेत संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ ।
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि, राजिनामाको प्रतिलिपि र अन्य आवश्यक कागजातहरू पेश गर्नुपर्नेछ ।
- बिक्री गर्ने जग्गाको हालसालैको तिरो तिरेको रसिदको प्रतिलिपि ।
- जग्गाको नाप नक्सा (Blue Print/ Computer Print), चारकिल्लाको प्रतिलिपि, घरबाटोको सिफारिस पत्र ।
- बिक्री गर्ने जग्गाको चारकुना देखिने गरी हालसालै खिचेको रंगिन फोटो ।
- भवन भएको अवस्थामा निर्माण सम्पन्न इजाजतपत्र ।
- प्राप्त आवेदनहरू कुनै कारण देखाई वा नदेखाई सो आवेदन स्वीकार गर्ने वा नगर्ने वा सर्म्पूण प्रकृया रद्ध गर्ने लगायत सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

The Banker Bank of the Year 2019 NEPAL

ISO 9001:2015 Certified Bank

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**Mega Bank Nepal Limited,** Corporate Office, Rising Mall, Kamaladi.
Post Box No. 26559, Phone No. 01-4169250/51/52/53/54, Ext. 214